**दार्जिलिङ घट्नाप्रति ध्यानाकर्षण**

२०७४ श्रावण ०१ गते

विगत एक महिनादेखि भारतको पश्चिमबंगाल राज्यको दार्जिलिंङक्षेत्रमा भारतीय सुरक्षा निकायको अत्याधिक वल प्रयोगका घट्नाप्रति जवाफदेहीता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ । यो समिति भारत सरकारलाई त्यसक्षेत्रका जनताको शान्तिपुर्ण प्रदर्शन गर्न पाउने भारतीय संविधानको प्रावधानको सम्मान गर्न र त्यस्तो प्रदर्शन गरेबाट मानवीय संकट उत्पन्न हुनेगरी गरिएको अघोषित नाकावन्दी तत्काल खुलाउन र अत्याधिक बल प्रयोगको निश्पक्ष छानबिन गरी दोषीलाई जवाफदेही वनाउन अनुरोध गर्दछ ।

त्यसक्षेत्रमा भएका शान्तिपूर्ण आन्दोलनमा विगतमा सुरक्षाबलको गोलीबाट धेरै ब्यक्तिले ज्यान गुमाई सकेका छन् । गएको एक महिनामा ७ जनाको यसबाट मृत्यु भएको छ । यस दुखद् घट्ना निन्दनीय भएको ठहर निगरानी समितिको छ ।

ईन्टरनेट सेवासमेत बन्द गरेर त्यसक्षेत्रका नागरिकलाई बाह्य विश्वसंग संचारविहीन बनाइएको छ । विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुक भारतमा यस्तो कार्य हुनसक्छ भनेर पत्याउँने विषय होईन तर यो अपत्यारिलो विषय वास्तविकता भएको छ ।

त्यसैले मानवीय आधारमा त्यसभेगका नागरिकको दैनिक आपूर्ति सुनिश्चित गर्न, संचार सेवा सुचारु गर्न र सुरक्षाकर्मीको बल प्रयोग तत्काल बन्दगरी अरु मानवीय क्षति रोकी नागरिकको बाच्न पाउँने अधिकार सुनिश्चित गर्न भारतको केन्द्रिय एवं पश्चिम बंगाल राज्य सरकारसंग विनम्र अपिल छ ।

कानुनी शासन र नागरिकको मौलिक अधिकारप्रति विश्वब्यापि प्रतिबद्घता जाहेर गरेको भारत सरकारले राजनीतिक मामलालाई राजनीतिक तवरले समाधान खोज्ने छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

हामी अन्दोलनरतपक्षका साथै भारत सरकारलाई नागरिकको जीवन र मर्यादाप्रति संवेदनशील हुन आग्रह गर्दछौं । आशा गरौं राजनीतिक विवादको समाधान वार्ता र शान्तिपूर्ण उपायद्वारा हुँनेछ । घटनामा परेर मृत्यु भएकाप्रति भावपूर्ण श्रद्घान्जली र घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना छ ।

चरण प्रसाई,

संयोजक, जवाफदेहीता निगरानी समिति